# पाठ - 1

# الدرس الأول - نيبالي

## नमाज़को आदेश र अनुशासनहरू

## حكم الصلاة و آدابها

नमाज इस्लामको दोश्रो आधार हो, जुन् हरेक वयस्क, बुद्धिमान, र मुस्लिम माथि अनिवार्य गरिएको छ, अल्लाह तआलाले भन्नु भएको छ : अर्थात : नि:सन्देह मोमिनहरु माथि निर्धारित समयमा नमाज पढनु अनिवार्य गरिएको छ। र नबी ﷺ ले भन्नु भएको छइस्लामको बुनियाद पाँच कुराहरु माथि राखिएको छ, अल्लाह बाहेक कोही पूज्य छैन र मुहम्मद ﷺ अल्लाहको दुत हुनु हुन्छ भन्ने कुराको गवाही दिनु, नमाज कायम गर्नु, जकात (दान) दिनु, हज गर्नु, र रमजान महीनाको ब्रत बस्नु" (बुखारी- ८, मुस्लिम १६) वयस्क (बुलूगत) को प्रमाण यो हो कि उमेर १५ वर्ष भइहालोस् वा कन्दनी तल कपाल उगी हालोस् वा स्वप्न वा कुनै अरु माध्यमले वीर्य निस्की हालोस् र महिलाहरुको लागी एउटा अरु कुरा पनि छ कि तिनीहरु को मासिक धर्म बग्न थालोस् यि निम्न कुराहरु मध्ये यदि कुनै एउटा कुरा भयो भने त्यो मान्छे वयस्क भई हाल्यो र यसको अनिवार्यताको बिरोधी काफिर छ भन्ने कुरामा समस्त मुस्लिम समुदायले सहमति जनाएको छ, र अल्छिपना सुस्तिको कारण पुर्ण रुपले नमाज छोडिदिएको व्यक्तिले पनि अधिक सहाबाको बिचारमा काफिर हुन्छ,

जाबिर बिन अब्दुल्लाह رضي الله عنه ले भन्नु भयो कि मैले रसूल ﷺ लाई भन्दै सुनेको छु कि कुनै व्यक्तिको बीच र शिर्क तथा कुफ्रको बीच यदि कुनै अन्तर छ भने त्यो नामाज हो (मुस्लिम - ८२)।

प्रलोकको दिन सबभन्दा पहिला मानिसहरुले यसैको हिसाब किताब दिनेछन ।

त्यस्तै नमाजमा धेरै ठुलठुला गुण र विशेषताहरु छन्, त्यस मध्ये अबुहोरैरह رضي الله عنه को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो जुन सुकै व्यक्तिले आफ्नो घरमा वुजू गरेर नमाजको लागि मस्जिद तिर हिड्छ भने त्यसको एक पाइलाले पाप मेटिन्छ त अर्कोले दर्जा बुलन्द गरिन्छ»(मुस्लिम- ६६६)

र अबूहुरैरह رضي الله عنه कै अर्को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो के म तिमीहरुलाई यस्तो कुरा तिर प्रदर्शित न गरौं जसको कारण अल्लाहले पाप मेटाइ दिन्छन र दर्जा बुलन्द गरिदिन्छन» सबैले भन्नु भयो, अवश्य बताउनु हे अल्लाहको रसूल, त उहाँले भन्नु भयो «कष्ट हुंदा पनि वुजू पुरा गर्ने, र मस्जिद तिर अधिक कदम उठाउने, र एक नमाज पछि अर्को नमाजको प्रतिक्षा गर्ने, यही रेबात हो अर्थात सिमा सुरक्षा हो»( मुस्लिम-२५१) र अबूहुरैरह رضي الله عنه को अर्को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो जुन सुकै व्यक्तिले बिहान र साँझको समय मस्जिदमा जान्छ भने जब जब त्यो मस्जिदमा जान्छ तब तब अल्लाहले स्वर्गमा त्यसको स्वागतको सामाग्री तैयार गर्नु हुन्छ»